# स्थिति सूचक

नेपाल मानव अधिकार वर्ष पुस्तकको त्रैमासिक प्रकाशन

वर्ष १४, अङ्क १

(२०८१ पुस १७ गतेदेखि २०८१ चैत १८ गतेसम्म)


## कर्णाली प्रदेशको

# मानव अधिकार अवस्था विश्लेषण

कर्णाली प्रदेशमा सन् २०२५ को पहिलो त्रैमासिक (जनवरीदेखि मार्चसम्म) को मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनालाई हेर्ने हो भने अन्यपक्षबाट महिला तथा बाल अधिकार हनन् बाहेक राज्यपक्षबाट उल्लङ्घनका घटना भएनन्।

अन्य पक्षबाट हुने मानव अधिकार उल्लङ्घन र ज्यादतीका घटनाहरूमा महिला तथा बालबालिका पीडित भएका छन्। विशेष गरी महिला तथा बालिकाहरू बलात्कार तथा यौन जन्य हिंसाका घटनामा पीडित भएका छन्। यो अवधिमा चार वर्षीया बालिका र ५० वर्षीया महिलासम्म यौनजन्य हिंसाबाट पीडित भए।

कर्णाली प्रदेशमा सन् २०२५ को पहिलो तीन महिनाको अवधिमा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा १ सय १३ जना महिला र चार जना पुरुष गरी १ सय १७ जना पीडित भए। अभिलेखित घटना अनुसार दुई जना महिलासहित तीन जनाको हत्या भयो। यसैगरी कुटपिटबाट दुई जना र धम्किबाट एक जना पीडित भए। यो अवधिमा बाल अधिकार उल्लङ्घनका घटनामा २० जना पीडित भए। जसमध्ये १७ जना बालिका बलात्कार, एक जना बालविवाह र दुई जना बालिका यौन दुर्व्यवहारबाट पीडित भए।

यसैगरी सबै भन्दा बढी महिला अधिकार उल्लङ्घनका घटनामा ९१ जना महिला पीडित भए। जसमध्ये १६ जना बलात्कार, एक जना बलात्कार प्रयास, ७२ जना महिला घरेलु हिंसा, एक जना महिला बोक्सीको आरोपमा पीडित भए। यसै अवधिमा एक जना महिलाको परिवारजनबाट हत्या भयो।

यस अवधिमा सञ्चारकर्मी पीडित भएका दुई घटना सार्वजनिक भए। जस अनुसार अन्नपूर्ण दैनिकमा कार्यरत कालिकोट जिल्ला पचालझरना गाउँपालिका-८ घरभइ हाल वीरेन्द्रनगरमा बस्दै आएका ३४ वर्षीय विष्णुप्रसाद न्यौपानेलाई समाचार प्रकाशन गरेको आरोपमा ०८१ चैत १३ गते कोपिला भ्यालीका प्रवन्ध निर्देशक टोपबहादुर मल्लका आफन्त प्रकाश सिंह, लोकजंग सिंह ठकुरी लगायतले धम्की दिएको भन्दै पत्रकार न्यौपानेले सोही दिन जिल्ला प्रहरी कार्यालय, सुर्खेतमा उजुरी दिए। यसैगरी सुर्खेतस्थित सिद्धदर्शन पत्रिकामा कार्यरत २१ वर्षीय पत्रकार कुलेन्द्र शाही माथि ०८१ फागुन २६ गते कुटपिट भयो। घटनामा संलग्न भएको आरोपमा प्रहरीले

जाजरकोट जिल्ला छेडागाड नगरपालिका-१ का जगदिश रावत र सोही ठाउँका सन्तोष बुढालाई गिरफ्तार गरेको थियो।

अन्य प्रदेशको तुलनामा दलित समुदाय बढी रहेको कर्णाली प्रदेशमा यस अवधिमा दलित समुदायको सशक्तीकरण र जीवनस्तर प्रवर्धन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०८१ कर्णाली प्रदेश सभाले संशोधनसहित पास गरेको छ। यस अवधिमा कर्णाली प्रदेश सरकारले मानव अधिकार रक्षकको अधिकार संरक्षण सम्बन्धमा अनुशरणीय कार्य गरेको पाइयो। मानव अधिकार रक्षकको सुरक्षा र संरक्षण सम्बन्धी विधेयक २०८१ अघि बढाउन कर्णाली प्रदेशको मन्त्रिपरिषद्ले यस अवधिमा निर्णय गरेको थियो। यस विधेयकका सम्बन्धमा आर्थिक मामिला तथा कानुन मन्त्रालयले विधेयकको खाका तयार गरेकोमा उक्त विधेयकलाई आर्थिक मामिला तथा योजना मन्त्रालयले सैद्धान्तिक सहमति दिएपछि कर्णाली प्रदेश सभामा विधेयक दर्ता हुने तयारीमा रहेको विषय अधिकारकर्मीका लागि सुखद् पक्ष रहेको छ।

यस अवधिमा बाल अधिकारका घटनामा सल्यान जिल्लामा आफ्नै आमाले तीन वर्षीया र ६ महिनाका छोरीको हत्या गरेको आरोपमा प्रहरीले आरोपितलाई गिरफ्तार गरेको घटना सार्वजनिक भए। यसैगरी कालिकोटको खडाचक्र नगरपालिकामा बोक्सीको आरोपमा एक जना महिला पीडित हुन पुगिन्।

करार कर्मचारीले पाँच महिनासम्मको तलब नपाउँदा जिल्ला अस्पताल, सल्यानको सेवा प्रभावित हुन पुगेको घटना सार्वजनिक भयो। कर्णाली प्रदेशको साविक कर्णालीका केही स्थानमा खाद्यान्न अभाव, भूकम्पपछि विद्यालयका भवन समयमा निर्माण नहुँदा पठनपाठनमा समस्या, दरबन्दी अनुसार शिक्षक नहुँदा पठनपाठनमा समस्या लगायतका घटना यस अवधिमा भएको पाइयो।

**नारायण सुवेदी**
प्रदेश संयोजक

## घटनाका प्रकार अनुसार पीडित सङ्ख्या
(जनवरी–मार्च, २०२५)

| | राज्यपक्षबाट | | | अन्यपक्षबाट | | | कूल जम्मा |
|---|---|---|---|---|---|---|---|
| | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | |
| कुटपिट | | | | | २ | २ | २ |
| बाल अधिकार | | | | २० | | २० | २० |
| धम्की | | | | | १ | १ | १ |
| हत्या | | | | २ | १ | ३ | ३ |
| महिला अधिकार | | | | ९१ | | ९१ | ९१ |
| जम्मा | | | | ११३ | ४ | ११७ | ११७ |

# कर्णाली प्रदेशको मानव अधिकार अवस्था : तीन महिनाका प्रतिनिधिमूलक घटना

## (२०८१ पुस १७ गतेदेखि २०८१ चैत १८ गतेसम्म)

### कुटपिट

**अन्य पक्षबाट**

**सुर्खेत**

वीरेन्द्रनगर नगरपालिका-८ घरभइ सिद्धदर्शन दैनिक, सुर्खेतमा कार्यरत २१ वर्षीय पत्रकार कुलेन्द्र शाहीलाई ०८१ फागुन २६ गते साँझ वीरेन्द्रनगर नगरपालिका-८ स्थित आन्तरिक राजश्व कार्यालय अगाडि सडकमा हिँडिरहेको बेला कुटपिट गरेको आरोपमा जाजरकोट जिल्लाको छेडागाड नगरपालिका-१ का २३ वर्षीय जगदिश रावत र सोही ठाउँका २६ वर्षीय सन्तोष बुढाविरुद्ध पीडित पक्षले फागुन २६ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितहरुलाई प्रहरीले फागुन २६ गते गिरफ्तार गऱ्यो। घाइतेको स्वास्थ्य उपचार फागुन २६ गते कर्णाली प्रदेश स्थित ट्रमा सेन्टरमा भयो। घटनामा संलग्न आरोपितहरु फरार रहेको जिल्ला प्रहरी कार्यालयका डिएसपी विरेन्द्रविर विश्वकर्माले बताए।

### धम्की

**सुर्खेत**

अन्नपूर्ण पोष्ट दैनिकमा कार्यरत कालिकोट पचालझरना गाउँपालिका-८ स्थायी घरभइ हाल वीरेन्द्रनगर नगरपालिका-३, शुभकामना टोल बस्दै आएका ३४ वर्षीय पत्रकार विष्णुप्रसाद न्यौपानेलाई ०८१ चैत १३ गते समाचारको विषयलाई लिएर कोपिला भ्यालीका प्रबन्ध निर्देशक टोपबहादुर मल्लका आफन्त प्रकाश सिंह, लोकज सिंह ठकुरी लगायतले सामाजिक सञ्जालमार्फत धम्क्याउने, अपशब्द प्रयोग गर्ने तथा भौतिक कार्वाहीको धम्की दिए। पत्रकार महासङ्घ कर्णाली प्रदेश समितिका सचिव समेत रहेका पत्रकार न्यौपानेले चैत १२ गते 'विदेशी सहयोगको चरम दुरुपयोग: सामाजिक संस्थाका नाममा आफन्त र परिवारको रजगज' शीर्षकको समाचार प्रकाशित गरेका थिए। पीडितले आफू असुरक्षित रहेको भन्दै चैत १३ गते जिल्ला प्रहरी कार्यालयमा उनीहरूविरुद्ध उजुरी दिएका थिए।

### बाल अधिकार

**हत्या**

**दैलेख**

दुल्लू नगरपालिका-५, सर्सियावाडीका १२ वर्षीय खेमराज दशुनीको ०८१ माघ २५ गते हत्या गरेको आरोपमा दुल्लू नगरपालिका-५, सर्सियावाडीका १७ वर्षीय विनोद रिजाल र १५ वर्षीय विशाल रिजालविरुद्ध पीडित पक्षले फागुन ३ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितलाई प्रहरीले फागुन ३ गते गिरफ्तार गऱ्यो। शवको पोष्टमार्टम फागुन ४ गते दैलेख अस्पतालमा गरी सोही दिन पीडित पक्षले बुझेर सद्गत गरे। प्रहरीले आरोपितविरुद्ध फागुन २३ गते जिल्ला सरकारी वकिल कार्यालय मार्फत जिल्ला अदालतमा हत्या गरेको अभियोगमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको फागुन २३ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि बाल सुधारगृह, नेपालगञ्जमा पठायो।

**सल्यान**

बनगाड कुपिण्डे नगरपालिका-११, सिस्नेपातलका तीन वर्षीया करिष्मा राना र ६ महिने राघवी रानाको ०८१ पुस २४ गते पालनपोषण गर्न नसकेर हत्या गरेको आरोपमा आमा २५ वर्षीया पूर्णिमा रानाविरुद्ध पीडित पक्षले पुस २४ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितलाई प्रहरीले ०८१ पुस २४ गते गिरफ्तार गऱ्यो। शवको पोष्टमार्टम पुस २४ गते राति मेहेलकुना अस्पताल, सुर्खेतमा गरी सोही दिन पीडित पक्षले बुझेर सद्गत गरे। बालिकाहरूको घाँटीमा निलडाम देखिएको थियो। प्रहरीले आरोपितविरुद्ध माघ २० गते जिल्ला सरकारी वकिल कार्यालय मार्फत जिल्ला अदालतमा हत्या गरेको अभियोगमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको माघ २० गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

## बालबालिकाविरुद्ध भएका हिंसाबाट पीडित सङ्ख्या
(जनवरी–मार्च २०२५)

| | |
|---|---|
| बालविवाह | १ |
| बलात्कार | १८ |
| यौन दुर्व्यवहार | २ |
| जम्मा | २० |

### बलात्कार, यौन दुर्व्यवहार

**दैलेख**

१६ वर्षीया बालिकालाई ०८१ पुस २३ गते बलात्कार गरेको आरोपमा भगवतीमाई गाउँपालिका-७ बडाभैरबका २३ वर्षीय गणेशबहादुर विकविरुद्ध पीडित पक्षले पुस २९ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण पुस २९ गते दैलेख अस्पतालमा भयो। घटनाका आरोपित फरार रहेकोले थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी एवम् इन्स्पेक्टर लालबहादुर सुनारले जानकारी दिए।

१४ वर्षीया बालिकालाई ०८१ माघ १ गते बलात्कार गरेको आरोपमा भगवतीमाई गाउँपालिका-१ पगनाथका ३४ वर्षीय सन्दीप विकविरुद्ध पीडित पक्षले फागुन ८ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितलाई प्रहरीले फागुन ८ गते गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण फागुन ८ गते दैलेख अस्पतालमा भयो। प्रहरीले आरोपितविरुद्ध चैत ३ गते जिल्ला सरकारी वकिल कार्यालय मार्फत जिल्ला अदालतमा जबरजस्ती करणी गरेको अभियोगमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको चैत ३ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

१७ वर्षीया बालिकालाई ०८१ माघ ३ गते बलात्कार गरेको आरोपमा दुल्लू नगरपालिका-९ पादुकाका २६ वर्षीय झक्क सुनारविरुद्ध पीडित पक्षले माघ १० गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण माघ १० गते दैलेख अस्पतालमा भयो। घटनाका आरोपित फरार रहेकोले थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी एवम् इन्स्पेक्टर लालबहादुर सुनारले बताए।

१४ वर्षीया बालिकालाई ०८१ माघ २३ गते बलात्कार गरेको आरोपमा नारायण नगरपालिका-६ भूर्तीका २६ वर्षीय रणबहादुर सार्कीविरुद्ध पीडित पक्षले माघ २४ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितलाई प्रहरीले माघ २४ गते गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण माघ २४ गते दैलेख अस्पतालमा भयो। प्रहरीले आरोपितविरुद्ध फागुन १८ गते जिल्ला सरकारी वकिल कार्यालय मार्फत जिल्ला अदालतमा जबरजस्ती करणी गरेको अभियोगमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको फागुन १९ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

१७ वर्षीया बालिकालाई ०८१ फागुन २३ गते बलात्कार गरेको आरोपमा डुंगेश्वर गाउँपालिका-४ अवलपराजुलका २१ वर्षीय विकास कार्कीविरुद्ध पीडित पक्षले फागुन २४ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितलाई प्रहरीले फागुन २६ गते गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण फागुन २४ गते दैलेख अस्पतालमा भयो। प्रहरीले आरोपितविरुद्ध चैत १४ गते जिल्ला सरकारी वकिल कार्यालय मार्फत जिल्ला अदालतमा जबरजस्ती करणी गरेको अभियोगमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको चैत १५ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

**जाजरकोट**

१५ वर्षीया बालिकालाई ०८१ फागुन १ गते बलात्कार गरेको आरोपमा बारेकोट गाउँपालिका-१ सिल्पाचौरका २८ वर्षीय विशाल कामीविरुद्ध पीडित पक्षले फागुन १ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितलाई प्रहरीले फागुन १ गते गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण फागुन १ गते जिल्ला अस्पतालमा भयो। प्रहरीले आरोपितविरुद्ध फागुन २२ गते जिल्ला सरकारी वकिल कार्यालय मार्फत जिल्ला अदालतमा जबरजस्ती करणी गरेको अभियोगमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको फागुन २२ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

**सल्यान**

१५ वर्षीया बालिकालाई ०८१ फागुन २९ गते होली खेलेर गाउँमा भएको एक विवाहबाट घर फर्कने क्रममा बलात्कार गरेको भन्दै बलात्कार गरेको आरोपमा सिद्धकुमाख गाउँपालिका-१ कागखोला बस्ने १९ वर्षीय नबराज बुढाथोकीविरुद्ध पीडित पक्षले चैत ५ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितलाई प्रहरीले ०८१ चैत ५ गते गिरफ्तार गर्‍यो। पीडितको स्वास्थ्य परीक्षण चैत ३ गते जिल्ला अस्पतालमा भयो। घटनाका आरोपित हालसम्म प्रहरीको हिरासतमा छन्।

चार, पाँच र ६ वर्षीया तीन जना बालिकालाई ०८१ चैत १२ गते बलात्कार गरेको आरोपमा कालीमाटी गाउँपालिका-४ खैरेनीका ५८ वर्षीय इन्द्रबहादुर पुनविरुद्ध पीडित पक्षले चैत १३ गते इलाका प्रहरी कार्यालय लुहाममा उजुरी दियो। आरोपितलाई प्रहरीले चैत १५ गते गिरफ्तार गर्‍यो। पीडितको स्वास्थ्य परीक्षण चैत १३ गते जिल्ला अस्पतालमा भयो। घटनाका आरोपित हालसम्म प्रहरीको हिरासतमा छन्।

**सुर्खेत**

१४ वर्षीया बालिकालाई ०८१ पुस २० गते बलात्कार गरेको आरोपमा वीरेन्द्रनगर नगरपालिका-३ का ३५ वर्षीय प्रकाश विष्टविरुद्ध पीडितकी आमाले पुस २१ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। आरोपितलाई प्रहरीले पुस २२ गते गिरफ्तार गर्‍यो। पीडित बालिकाको स्वास्थ्य परीक्षण पुस २१ गते प्रदेश अस्पतालमा भयो। प्रहरीले आरोपितविरुद्ध माघ २१ गते सरकारी वकिल कार्यालय मार्फत जिल्ला अदालतमा जबर्जस्ती करणी गरेको अभियोगमा मुद्दा दर्ता गर्‍यो। जिल्ला अदालतको माघ २२ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

१५ वर्षीया बालिकालाई ०८१ फागुन ३ गते बलात्कार गरेको आरोपमा वीरेन्द्रनगर नगरपालिका-८ का २५ वर्षीय रामप्रसाद आचार्यविरुद्ध पीडितले फागुन ५ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। आरोपितलाई प्रहरीले फागुन ५ गते गिरफ्तार गर्‍यो। पीडितको स्वास्थ्य परीक्षण फागुन ५ गते प्रदेश अस्पतालमा भयो। प्रहरीले आरोपितविरुद्ध फागुन २८ गते सरकारी वकिल कार्यालय मार्फत जिल्ला अदालतमा जबरजस्ती करणी गरेको अभियोगमा मुद्दा दर्ता गर्‍यो। जिल्ला अदालतको चैत ३ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

६ वर्षीया बालिकालाई ०८१ फागुन १ गते बलात्कार गरेको आरोपमा १६ वर्षीय बालकविरुद्ध पीडितकी आमाले फागुन २ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। आरोपितलाई प्रहरीले फागुन २ गते गिरफ्तार गर्‍यो। पीडितको स्वास्थ्य परीक्षण फागुन २ गते प्रदेश अस्पतालमा भयो। प्रहरीले आरोपितविरुद्ध फागुन २७ गते गते सरकारी वकिल कार्यालय मार्फत जिल्ला अदालतमा जबरजस्ती करणी गरेको अभियोगमा मुद्दा दर्ता गर्‍यो। जिल्ला अदालतको फागुन २८ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि बालसुधार गृह बाँकेमा पठायो।

१७ वर्षीया बालिकालाई ०८१ फागुन १० गते बलात्कार गरेको आरोपमा पञ्चपुरी नगरपालिका-८ दुलालथाईका २१ वर्षीय हिक्मत शाहीविरुद्ध पीडितले फागुन १२ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। पीडितको स्वास्थ्य परीक्षण फागुन १२ गते प्रदेश अस्पतालमा भयो। घटनाका आरोपित हालसम्म फरार छन्।

१७ वर्षीया बालिकालाई ०८१ फागुन ३ गते बलात्कार गरेको आरोपमा पञ्चपुरी नगरपालिका-७ नयाँ वनका १९ वर्षीय तपेन्द्र सुनारविरुद्ध पीडितले फागुन १५ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। आरोपितलाई प्रहरीले फागुन २० गते गिरफ्तार गर्‍यो। पीडितको स्वास्थ्य परीक्षण फागुन १६ गते प्रदेश अस्पतालमा भयो। घटनाका आरोपित हालसम्म प्रहरीको हिरासतमा छन्।

१२ वर्षीया बालिकालाई ०८१ फागुन १८ गते बलात्कार गरेको आरोपमा वीरेन्द्रनगर नगरपालिका-११ गाग्रेतालका १७ वर्षीय बालकविरुद्ध पीडितले फागुन २२ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। पीडितको स्वास्थ्य परीक्षण फागुन २२ गते प्रदेश अस्पतालमा भयो। घटनाका आरोपित हालसम्म फरार छन्।

१५ वर्षीया बालिकालाई ०८१ फागुन २९ गते बलात्कार गरेको आरोपमा वीरेन्द्रनगर नगरपालिका-३ मुलपानीका १९ वर्षीय बिरिन शाहीविरुद्ध पीडितले चैत ५ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। पीडितको स्वास्थ्य परीक्षण चैत ५ गते प्रदेश अस्पतालमा भयो। घटनाका आरोपित हालसम्म फरार छन्।

अपाङ्गता भएकी १५ वर्षीया बालिकालाई ०८१ माघ २ गते यौन दुर्व्यवहार गरेको आरोपमा वीरेन्द्रनगर नगरपालिका-५, चिसापानीका ५० वर्षीय नरेन्द्र रानाविरुद्ध पीडित पक्षले माघ ७ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। पीडितको स्वास्थ्य परीक्षण माघ

७ गते प्रदेश अस्पतालमा भयो। घटनाका आरोपित हालसम्म फरार छन्।

१२ वर्षीया बालिकालाई ०८१ फागुन १३ गते यौन दुर्व्यवहार गरेको आरोपमा बराहताल गाउँपालिका-५ चेपाङका १८ वर्षीय निर्मल सुनारविरुद्ध पीडित पक्षले फागुन १६ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण फागुन १६ गते प्रदेश अस्पतालमा भयो। घटनाका आरोपित हालसम्म फरार छन्।

## बालविवाह

### सुर्खेत

सिम्ता गाउँपालिका-१ की १७ वर्षीया बालिकालाई ०८१ माघ १० गते बालविवाह गरेको आरोपमा सिम्ता गाउँपालिका-९ खानीखोलाका २० वर्षीय विवश नेपालीविरुद्ध पीडित पक्षले माघ ११ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। बालिका र आरोपित हालसम्म फरार रहेका छन्।

## महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार बलात्कार, बलात्कार प्रयास, यौनदुर्व्यवहार

### हुम्ला

४५ वर्षीया महिलालाई ०८१ फागुन १ गते बलात्कार गरेको आरोपमा खार्पुनाथ गाउँपालिका-४ माझाका ४० वर्षीय असपाल रोकायाविरुद्ध पीडित पक्षले फागुन १ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितलाई प्रहरीले ०८१ फागुन १ गते गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण फागुन २ गते जिल्ला अस्पतालमा भयो। प्रहरीले आरोपितविरुद्ध फागुन १८ गते जिल्ला सरकारी वकिल कार्यालय मार्फत जिल्ला अदालतमा जबरजस्ती करणी गरेको अभियोगमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको फागुन २१ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

### जुम्ला

२३ वर्षीया महिलालाई ०८१ पुस १९ गते बलात्कार गरेको आरोपमा तातोपानी गाउँपालिका-३ का ३५ वर्षीय हिरालाल रावतविरुद्ध पीडित पक्षले माघ ३ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितलाई प्रहरीले माघ ३ गते गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण माघ ३ गते कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान शिक्षण अस्पतालमा भयो। प्रहरीले आरोपितविरुद्ध माघ २८ गते जिल्ला सरकारी वकिल कार्यालय मार्फत जिल्ला अदालतमा जबरजस्ती करणी गरेको अभियोगमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको माघ २८ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

### दैलेख

३१ वर्षीया महिलालाई ०८१ पुस १९ गते बलात्कार गरेको आरोपमा भैरबी गाउँपालिका-१ रावतकोटका ३४ वर्षीय धनबहादुर सार्कीविरुद्ध पीडित पक्षले पुस २२ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितलाई प्रहरीले पुस २२ गते गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण पुस २२ गते दैलेख अस्पतालमा भयो। प्रहरीले आरोपितविरुद्ध माघ १५ गते जिल्ला सरकारी वकिल कार्यालय मार्फत जिल्ला अदालतमा जबरजस्ती करणी गरेको अभियोगमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको माघ १५ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

### जाजरकोट

२१ वर्षीया महिलालाई ०८१ माघ ७ गते बलात्कार गरेको आरोपमा बारेकोट गाउँपालिका-१ का ३१ वर्षीय विरु नेपालीविरुद्ध पीडित पक्षले माघ ८ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितलाई प्रहरीले माघ ८ गते गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण माघ ८ गते जिल्ला अस्पतालमा भयो। प्रहरीले आरोपितविरुद्ध माघ २८ गते जिल्ला सरकारी वकिल कार्यालय मार्फत जिल्ला अदालतमा जबरजस्ती करणी गरेको अभियोगमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको माघ २८ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

### सुर्खेत

१८ वर्षीया बालिकालाई ०८१ पुस १९ गते बलात्कार गरेको आरोपमा वीरेन्द्रनगर नगरपालिका-३ का ३० वर्षीय प्रेमबहादुर खड्काविरुद्ध पीडितले पुस २१ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। पीडितको स्वास्थ्य परीक्षण पुस २२ गते प्रदेश अस्पतालमा भयो। घटनाका आरोपित हालसम्म फरार छन्।

१८ वर्षीया बालिकालाई ०८१ फागुन १२ गते बलात्कार गरेको आरोपमा वीरेन्द्रनगर नगरपालिका-६ राधाकृष्ण मन्दिर टोलका २० वर्षीय हिक्मत बोगटीविरुद्ध पीडितले फागुन १५ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी

दिइन्। पीडितको स्वास्थ्य परीक्षण फागुन १५ गते प्रदेश अस्पतालमा भयो। घटनाका आरोपित हालसम्म फरार छन्।

५० वर्षीया महिलालाई ०८१ पुस २६ गते बलात्कार गरेको आरोपमा लेकवेसी नगरपालिका-९, चौरासेका ५० वर्षीय भिमप्रसाद आचार्यविरुद्ध पीडित महिलाले पुस २९ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। प्रहरीले आरोपितलाई माघ १ गते गिरफ्तार गयो। पीडितको स्वास्थ्य परीक्षण पुस २९ गते प्रदेश अस्पतालमा भयो। प्रहरीले आरोपितविरुद्ध माघ २३ गते सरकारी वकिल कार्यालय मार्फत जिल्ला अदालतमा जबर्जस्ती करणी गरेको अभियोगमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको माघ २३ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

२८ वर्षीया महिलालाई ०८१ पुस २२ गते बलात्कार गरेको आरोपमा बराहताल गाउँपालिका-१० का ५० वर्षीय अर्जुन कुमार गुरु  विरुद्ध पीडितले माघ ८ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। पीडितको स्वास्थ्य परीक्षण माघ ८ गते प्रदेश अस्पतालमा भयो। घटनाका अरोपित हालसम्म फरार छन्।

२० वर्षीया महिलालाई ०८१ माघ ९ गते बलात्कार गरेको आरोपमा वीरेन्द्रनगर नगरपालिका-१२ का २९ वर्षीय प्रेम शर्माविरुद्ध पीडितले माघ १८ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। आरोपितलाई प्रहरीले माघ १९ गते गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण माघ १९ गते प्रदेश अस्पतालमा भयो। प्रहरीले आरोपितविरुद्ध फागुन १२ गते सरकारी वकिल कार्यालय मार्फत जिल्ला अदालतमा जबर्जस्ती करणी गरेको अभियोगमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको फागुन १३ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

१९ वर्षीया युवतीलाई ०८१ पुस २१ गते बलात्कार गरेको आरोपमा वीरेन्द्रनगर नगरपालिका-२ भुरेलीका २० वर्षीय भुपेन्द्रप्रसाद न्यौपानेविरुद्ध पीडितले माघ २५ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। आरोपितलाई प्रहरीले माघ २६ गते गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण माघ २६ गते प्रदेश अस्पतालमा भयो। प्रहरीले आरोपितविरुद्ध फागुन १८ गते सरकारी वकिल कार्यालय मार्फत जिल्ला अदालतमा जबर्जस्ती करणी गरेको अभियोगमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको फागुन २१ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

**महिलाविरुद्ध भएका हिंसाबाट पीडित सङ्ख्या (जनवरी-मार्च, २०२५)**

| | |
|---|---|
| बलात्कार | १६ |
| घरेलु हिंसा | ७२ |
| बलात्कार प्रयास | १ |
| 'बोक्सी' आरोपमा | १ |
| परिवारजनबाट हत्या | १ |
| जम्मा | ९१ |

२१ वर्षीया महिलालाई ०८१ माघ २८ गते बलात्कार गरेको आरोपमा लेकवेसी नगरपालिका-५ नेटाका २१ वर्षीय सुदिप पचभया मगरविरुद्ध पीडितले फागुन १ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। आरोपितलाई प्रहरीले फागुन २ गते गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण फागुन १ गते प्रदेश अस्पतालमा भयो। प्रहरीले आरोपितविरुद्ध फागुन २७ गते सरकारी वकिल कार्यालय मार्फत जिल्ला अदालतमा जबर्जस्ती करणी गरेको अभियोगमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको फागुन २८ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

२४ वर्षीया महिलालाई ०८१ फागुन २ गते बलात्कार गरेको आरोपमा बराहताल गाउँपालिका-२ का २२ वर्षीय पुस्कर गुरुङविरुद्ध पीडितले फागुन ११ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। पीडितको स्वास्थ्य

परीक्षण फागुन ११ गते प्रदेश अस्पतालमा भयो। घटनाका आरोपित हालसम्म फरार छन्।

२२ वर्षीया महिलालाई ०८१ फागुन ३ गते बलात्कार गरेको आरोपमा वीरेन्द्रनगर नगरपालिका-१२ का ३० वर्षीय परिलाल बुढाविरुद्ध पीडितले फागुन ११ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। पीडितको स्वास्थ्य परीक्षण फागुन ११ गते प्रदेश अस्पतालमा भयो। घटनाका आरोपित हालसम्म फरार छन्।

२२ वर्षीया महिलालाई ०८१ माघ १८ गते बलात्कार गरेको आरोपमा वीरेन्द्रनगर नगरपालिका-८ का २३ वर्षीय विकाश नेपालीविरुद्ध पीडितले फागुन १५ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। पीडितको स्वास्थ्य परीक्षण फागुन १६ गते प्रदेश अस्पतालमा भयो। घटनाका आरोपित हालसम्म फरार छन्।

१८ वर्षीया बालिकालाई ०८१ फागुन २१ गते बलात्कार गरेको आरोपमा वीरेन्द्रनगर नगरपालिका-३ मसुरीखेतका २७ वर्षीय खुमबहादुर बिसीविरुद्ध पीडितले फागुन २२ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। पीडितको स्वास्थ्य परीक्षण फागुन २२ गते प्रदेश अस्पतालमा भयो। घटनाका आरोपित हालसम्म फरार छन्।

२२ वर्षीया महिलालाई ०८१ फागुन २८ गते बलात्कार गरेको आरोपमा वीरेन्द्रनगर नगरपालिका-७ कालुचोकका १९ वर्षीय मनिस सार्कीविरुद्ध पीडितले चैत ७ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। पीडितको स्वास्थ्य परीक्षण चैत ७ गते प्रदेश अस्पतालमा भयो। घटनाका आरोपित हालसम्म फरार छन्।

### कालिकोट

२४ वर्षीया महिलालाई ०८१ फागुन २५ गते बलात्कार प्रयास गरेको आरोपमा अछाम जिल्लाको कमलबजार नपा-३ का २६ वर्षीय जनक शाहविरुद्ध पीडित पक्षले फागुन २६ गते प्रहरी चौकी, नाग्मगाडमा उजुरी दियो। आरोपितलाई प्रहरीले फागुन २६ गते गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण फागुन २६ गते जिल्ला अस्पताल कालिकोटमा भयो। घटनाका आरोपित हालसम्म प्रहरीको हिरासतमा छन्।

## 'बोक्सी'को आरोप

### कालिकोट

खाँडाचक्र नगरपालिका-१ का २० वर्षीया मन्दरा विकलाई 'बोक्सी'को आरोप लगाई गाली बेइज्जत गरी मार्ने धम्कीसमेत दिएको आरोपमा सासु ४१ वर्षीया तुल्सी विकविरुद्ध पीडितले फागुन २६ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। आरोपितलाई प्रहरीले फागुन २६ गते गिरफ्तार गऱ्यो। घटनाका आरोपितविरुद्ध थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालयका इन्स्पेक्टर किशोर केसीले बताए।

## परिवारजनबाट हत्या

### दैलेख

नौमूले गाउँपालिका-४ की ४५ वर्षीया रति बुढा मगरको ०८१ फागुन २३ गते आपसी विवाद हुँदा कुटपिट र आगोको अगुल्टोले हानेर हत्या गरेको आरोपमा नौमूले गाउँपालिका-४, कालिकाका पति ५५ वर्षीय गंगबहादुर बुढा मगरविरुद्ध पीडित पक्षले फागुन २७ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितलाई प्रहरीले फागुन २८ गते गिरफ्तार गऱ्यो। शवको पोष्टमार्टम फागुन २७ गते दैलेख अस्पतालमा गरी सोही दिन पीडित पक्षले बुझेर सद्गत गरे। घटनाको विषयमा प्रहरीले थप अनुसन्धान गरिरहेको जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी एवम् इन्स्पेक्टर लालबहादुर सुनारले बताए।

## आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

## भौतिक संरचनामा क्षति

### हुम्ला

खार्पुनाथ गाउँपालिका-३ रायामा रहेको नमस्तेको टावर ०८१ फागुन ७ गते तोडफोड गऱ्यो। फागुन ७ गते रातिको समयमा अपरिचित व्यक्तिका समूहद्वारा टावर तोडफोड गरेपछि सेवाग्राही सञ्चार सेवाबाट वञ्चित भए। टावरमा राखिएको एन्टीना, छाता, घर भित्रको व्याट्रि, टेवल, दराज, बेच्च लगायतका सामग्री तोडफोड गरेपछि एक महिना सोही गाउँपालिकाका ६ हजारभन्दा बढी मानिसहरू उक्त सेवाबाट प्रभावित भए। टावर तोडफोड गरेको विषयमा फागुन ८ गते स्थानीयले जिल्ला प्रहरी कार्यालयमा जानकारी गराएको जिल्ला प्रहरी कार्यालयका डिएसपी संकर पोखरेलले बताए। तोडफोड गर्ने अपरिचित व्यक्तिका समूहको खोजी कार्य भइरहेको डिएसपी पोखरेलले बताए।

**रुकुम पश्चिम**

आठबीसकोट नगरपालिकामा ०८१ माघ २८ गते जनप्रतिनिधि, उपभोक्ता समिति, निर्माण व्यवसायीहरुले आर्थिक प्रशासन शाखामा प्रवेश गरी अभद्र व्यवहार गर्दै तोडफोड गरे। उनीहरुले नगरपालिकाको आर्थिक प्रशासन शाखामा रहेका अभिलेख, श्रेस्ता कागजात, टेवल, दराज तोडफोड गरेका थिए। निमित्त प्रमुख प्रशासकीय अधिकृत राजेश गौतमले पालिका भित्रका सडक मर्मतका योजनाहरुको भुक्तानीमा असन्तुष्ट व्यक्तिले आर्थिक प्रशासन शाखा तोडफोड गरेको बताए। नगरपालिकाका उपप्रमुख धन कुमारी शाहीको संयोजकत्वमा रहेको अनुगमन समितिले ग्रामीण सडक मर्मतको काम पूरा नभएकाले ४० प्रतिशत रकम भुक्तानी दिने भएपछि योजना मर्मतमा सहभागी केही जनप्रतिनिधि, निर्माण व्यवसायी, उपभोक्ता समितिका व्यक्ति निराश बनेपछि लेखा शाखामा तोडफोड गरेका थिए। सेवा प्रवाहमा समस्या भए वार्ता, गुनासो गरी समाधान नभए कानुनी प्रक्रियामा गई समस्या समाधान गर्नुको सट्टा कार्यालय तोडफोड गर्नु गैर जिम्मेवार व्यवहार गरेको अराजक गतिविधिमा संलग्न व्यक्तिलाई कारबाहीको माग गरेको कर्मचारीले जारी गरेको विज्ञप्तिमा उल्लेख छ।

*मानव अधिकार र सामाजिक न्यायका निम्ति*

**अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)**

**कर्णाली प्रदेशद्वारा प्रकाशित**

**सल्लाहकार** : नारायण सुवेदी, **संयोजन/सम्पादन** : सोम नेपाली

वीरेन्द्रनगर नगरपालिका–७, इत्राम, सुर्खेत, फोन : ०८३–५२१४८९

इमेल : surkhet@insec.org.np, Website : www.inseconline.org